# लेवलर(बिल्डिंग)
# स्किल्ड ट्रेड टेस्ट
# नमूना प्रैक्टिकल टेस्ट पेपर

此文件關於平水工大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Leveller (Building). Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# डिस्क्लेमर

*CIC को लिखित अनुमतिबिना यस सामग्रीको कुनै पनि भागलाई कुनै पनि रूपमा वा कुनै पनि माध्यमबाट पुनरुत्पादन वा प्रसारित गर्न नपाइसक्छ। यस सामग्रीमा रहेका जानकारीले सत्यता सुनिश्चित गर्न उचित प्रयासहरू गरिएतापनि CIC ले पाठकहरूलाई सम्भव भएसम्म पेशासँग सम्बन्धित सल्लाहकारहरूसँग उपयुक्त स्वतन्त्र सल्लाह खोज्न प्रोत्साहन गर्छ र पाठकहरूले कुनै पनि सम्बद्ध कामहरू गर्दा यस सामग्रीलाई उक्त पेशासम्बन्धी सल्लाहको विकल्पको रूपमा लिनु वा निर्भर पर्नुहुँदैन।*

# सोधपुछहरू

यस सामग्रीको सम्बन्धमा भएका सोधपुछहरू हङकङ कन्स्ट्रक्सन इन्डस्ट्री ट्रेड टेस्टिङ सेन्टर लाई निम्न ठेगानामा सोध्न सकिन्छ:


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

टेलिफोन: (852) 2100 9000

फ्याक्स: (852) 2100 9090

इमेल: enquiry@cic.hk

वेबसाइट: www.cic.hk


©२०२०कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# ट्रेड टेस्ट पेपर

ट्रेड : लेभलर

ग्रेड : स्किल्ड वर्कर

परीक्षाको विषयवस्तु : तोकिएको स्थानमा निम्न कार्यहरू पूरा गर्नुहोस्:

1. सेटिङ आउट (Setting out) 65 अङ्क

(यसमा क्रस लाइन (cross line), रिफरेन्स लाइन (reference line), मार्किङ (चिन्ह) (marking) तथा विवरणको लेख्ने कार्यको सेटिङ आउट (बनावट निर्धारण गर्ने) पर्दछन्)

a) 35 फ्लोर स्ल्याब (35/F) ले कन्क्रिटिङको कामलाई पूरा गरेको छ। कृपया "ड्रइंग 1"(P.4/9) अनुसार सेट आउट (बनावट निर्धारण) गर्नुहोस्

ध्यान दिनुपर्ने कुरा: "ड्रइंग 1"(P.4/9) मा भएका सबै इलेमेन्ट (मूल वस्तु) हरूलाई सेट आउट गरिनुपर्छ। "ड्रइंग 2" (P.5/9) तथा "ड्रइंग 3" (P.6/9) नापहरू देखाउन सन्दर्भका लागि मात्र हुन्। कृपया याद राख्नुहोस् कि यस कार्यका लागि थियोडोलाइट (theodolite) लाई प्रयोग गर्न पाइँदैन।

b) "ड्रइंग 4" (P.7/9)" अनुसार वालमा भएका इलेमेन्टहरूको सेटिङ आउट गर्ने जसमा ल्यान्डिङहरू (landings),अपर स्टेर (upper fight stair), लोवर स्टेर (lower fight stair),बिमहरू (beams) तथा साँध (abutment) पर्दछन्। 25.850 को लेभल लाइनलाई लेभल डेटम (level datum) को रूपमा उपलब्ध गराइएको छ।

ध्यान दिनुपर्ने कुरा: भर्याङका सबै ट्रेडहरू (treads) तथा राइजरहरू (risers) को सेटिङ आउट गर्ने। भर्याङको दुवै कुनामा ट्रेड तथा राइजरको दुइवटा स्टेपहरूलाई मात्र चिन्ह लगाइनेछ।

2. इन्स्ट्रुमेन्टको प्रयोग 35 अङ्क

i) पेन्टागन बनाउनका लागि पाँचवटा सर्भे नेल (सर्वेक्षण किला) हरूलाई फ्लोरमा राखिएको (गाडिएको) छ। कृपया "फेस लेफ्ट (Face left)" तथा "फेस राइट (Face right)" मा इन्टरनल (भित्री) एन्गलहरूलाई नाप्न थियोडोलाइटलाई प्रयोगमा ल्याउनुहोस्। रेकर्ड शिट "फाराम 1 (Form 1)" (P.8/9) लाई भरिनुपर्छ र इन्टरनल एन्गलहरूको डिग्री, मिनेट, सेकेन्ड (° ′ ″) लाई हिसाब गरेर निकालिनुपर्छ।

ii) तोकिएको रेखामा पर्पेनडिकुलर रेखा (90°) बनाउन थियोडोलाइटलाई प्रयोगमा ल्याउनुहोस्। लाइनको लम्बाइ करिब 2-3 मिटर हुन्छ।

ध्यान दिनुपर्ने कुरा: सेटिङ आउट तथा जाँचका लागि “3,4,5 विधि”, पाइथागोरस थियोरम (Pythagoras Theorem) वा टेप प्रयोग गर्न पाइँदैन।

iii) टेस्ट वर्कशपमा, 8 वटा नम्बर लेभल प्वाइन्टहरू छन् जसलाई P1 देखि P8 सम्म नाम दिइएको छ। यदि P1 को रिड्युस्ड लेभल (Reduced Level) 10.000 भएको खण्डमा P2 देखि P8 सम्मका रिड्युस्ड लेभलहरूलाई नाप्न लेभल तथा स्टाफलाई प्रयोगमा ल्याउनुहोस्। रेकर्ड शिट “फाराम 2 (Form 2)” (P.9/9) भरिनुपर्छ र ती प्वाइन्टहरूको रिड्युस्ड लेभलहरूलाई हिसाब गरेर निकालिनुपर्छ।

ध्यान दिनुपर्ने कुरा: यो सर्वेक्षण निरन्तर चलिरहने सर्वेक्षण हो। बेस प्लेटलाई टर्निङ प्वाइन्टहरूका लागि प्रयोग गरिनुपर्छ। P8 अन्तिम प्वाइन्ट हुनेछ।

iv) वालमा एउटा पहेलों ट्राइएन्गल (त्रिकोण) चिन्ह पेन्ट गरिएको छ। कृपया लेभल लाइन सेट आउट गर्न लेभल (Level) को प्रयोग गर्नुहोस् र त्यसो गर्दा लेभल लाइन पहेलों ट्राइएन्गल चिन्हको टप (माथिल्लो भाग) सँग समान उचाइमा हुनुपर्छ।

ध्यान दिनुपर्ने कुरा: यस कार्यमा स्पिरिट लेभलको अनुमति हुँदैन।


समय अवधि : 6 घण्टा (खाना खाने समय बाहेक)

ध्यान दिनुपर्ने कुराहरू: (1) काम सुरु गर्नुभन्दा अगावै, परीक्षार्थीहरूले दिइएको "परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू" लाई ध्यानपूर्वक पढ्न आवश्यक हुन्छ।

(2) यदि परीक्षार्थीले परीक्षा अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ।

(3) यो प्रश्नपत्र 9 पेजको छ। पूर्णाङ्क (फुल मार्क) 100 हो। उत्तीर्णाङ्क (पास मार्क) 60 हो।


**ड्रइंग 1**




5/F देखि 70/F सम्मको फ्रेमिङ प्लान

(स्केल : स्केल अनुसार छैन)













**ड्रइंग 2**




35TH फ्लोरको पार्ट प्लान

(स्केल : स्केल अनुसार छैन)


## ड्रइंग 3

| टाइप | C1 (C1A) | C2 (C2A) | C3 (C3A) |
|---|---|---|---|
| 45/F TO 40/F |  |  |  |
| साइज | 300X1055 | 300X750 | 800X450 |
| सीधा बार | 6Y25 | 6Y25 | 10Y25 |
| बाइंडर | R10@300c/c | R10@300c/c | R10@300c/c |
| 40/F TO 35/F |  |  |  |
| साइज | 300X1455 | 300X1100 | 800X450 |
| सीधा बार | 8Y25 | 6Y25 | 10Y25 |
| बाइंडर | R10@300c/c | R10@300c/c | R10@300c/c |
| 35/F TO 30/F |  |  |  |
| साइज | 300X1755 | 300X1200 | 800X450 |
| सीधा बार | 8Y25 | 8Y25 | 10Y25 |
| बाइंडर | R10@300c/c | R10@300c/c | R10@300c/c |
| 30/F TO 25/F |  |  |  |
| साइज | 300X1855 | 300X1300 | 800X450 |
| सीधा बार | 8Y25 | 8Y25 | 10Y25 |
| बाइंडर | R10@300c/c | R10@300c/c | R10@300c/c |


**कोलम शेड्यूल**

(स्केल : स्केल अनुसार छैन)

**ड्रइंग 4**




सेक्सन 'A -A




प्लान

(स्केल : स्केल अनुसार छैन)

फाराम 1 ः थियोडोलाइट होरिजन्टल एन्गल सर्भेयिङ रेकर्ड शिट

| निम्नमा इन्स्ट्रुमेन्ट (Instrument At) | निम्न स्टेसनसम्म (To Station) | फेस लेफ्ट (Face left) | फेस राइट (Face right) | मिन (मध्यक) (Mean) | समाविष्ट एन्गल (Included Angle) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

कैफियत: सबै जवाफहरूलाई "समाविष्ट एन्गल (INCLUDED ANGLE)" कोलममा अनिवार्य भरिनुपर्छ, अन्यथा तिनीहरूलाई तथ्याङ्कको रूपमा मात्र लिइनेछ।

फाराम 2: लेभल सर्भेयिङ रेकर्ड शिट

| ब्याक साइट (Back Sight) | इन्टरमिडिएट साइट (Intermediate Sight) | फोर साइट (Fore Sight) | इन्स्ट्रुमेन्टको उचाइ (Height of Instrument) | रिड्युस्ड लेभल (Reduced Level/R.L.) | कैफियत (Remarks) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

कैफियत: सबै जवाफहरूलाई "रिड्युस्ड लेभल (REDUCED LEVEL)" कोलममा अनिवार्य भरिनुपर्छ, अन्यथा तिनीहरूलाई तथ्याङ्कको रूपमा मात्र लिइनेछ।

परीक्षार्थीले ध्यान दिनुपर्ने:

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नुपर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्छन् ।
2. प्रश्नपत्रमा यदि कुनै ड्रइंग तथा स्पेसिफिकेसनहरू दिइएका छन् भने परीक्षार्थीहरूले परीक्षा सुरु हुनुभन्दा अगावै तिनीहरूलाई ध्यान दिएर पढ्नुपर्छ ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिइएका कार्य ड्रइंग तथा स्पेसिफिकेसनहरू अनुसार परीक्षा दिनुपर्छ ।
4. परीक्षार्थीहरूले परीक्षामा आउँदा सुरक्षा जुत्ता आफैले लिएर आउनुपर्नेछ । अन्य चाहिने सुरक्षा सामाग्रीहरू भने ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नुपर्नेछ ।
5. परीक्षामा चाहिने सबै औजार तथा सामाग्रीहरू ट्रेड टेस्टिङ सेन्टरबाट नै उपलब्ध हुनेछ र उपलब्ध गरिएका औजार तथा सामाग्रीहरूको पर्याप्तता तथा गुणस्तर चेकजाँच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै औजार तथा सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले परीक्षापछि सबै औजारहरू ट्रेड टेस्टिङ सेन्टरलाई अनिवार्य फिर्ता गर्नुपर्नेछ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्छन् ।
6. परीक्षार्थीहरूले परीक्षामा र सम्बन्धित कामहरू गर्न प्रयोगका लागि दिइएका औजार तथा सामाग्रीहरूलाई सम्हालेर चलाउन तथा सार्न आवश्यक हुन्छ ।
7. परीक्षा भइरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नुहुनेछ ।
8. परीक्षार्थीहरूलाई क्यामेरा वा मोबाइल फोनहरूबाट कुनै पनि फोटो वा भिडियो खिच्न अनुमति हुँदैन ।
9. आकस्मिक अवस्थामा बाहेक परीक्षार्थीहरूलाई ट्रेड टेस्टको समय अवधिभर आफ्नो मोबाइल फोन प्रयोग गर्न अनुमति हुँदैन ।
10. तल लेखिएका मापदण्डहरूमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ:

    a) ड्रइंग तथा स्पेसिफिकेसनको सही बुझाइ
    b) परीक्षाभन्दा पहिला सबै चाहिने तयारी
    c) कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d) कार्यहरूको स्पष्टता तथा गुणस्तर
    e) कार्यहरूको प्रगति
    f) सामग्रीहरूलाई सही ढङ्गले चलाउने तथा प्रयोग गर्ने
    g) औजार तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h) सुरक्षा सावधानीहरूको पालना
    i) अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j) परीक्षा सकिएपछि समानहरूलाई मिलाउने र सरसफाइ

11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले अनिवार्य रूपमा परीक्षालाई रोक्नुपर्नेछ ।
12. परीक्षा सकिएपछि परीक्षार्थीहरूले प्रश्नपत्र अनिवार्य रूपमा परीक्षकलाई बुझाउनुपर्नेछ ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो र त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ ।

**यदि परीक्षार्थीले कुनै पनि आवश्यक सुरक्षा सावधानीहरू पालना गर्न नसकेको र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरेको खण्डमा उनी फेल भएको मानिनेछ ।**